प्रदेश सरकारबाट स्वीकृत मिति :

(मस्यौदा)

# पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास कार्यविधि, २०७६

**प्रस्तावना :** प्रदेशभित्र पर्यटकीय आवागमन बढाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गण्डकी प्रदेशलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा पहिचान गराउन तथा पूर्वाधार विकासलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "आयोजना" भन्नाले पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार विकास गर्न तयार भएको विस्तृत परियोजना प्रतिवेदन बमोजिमको सबै कम्पोनेन्ट भएको आयोजना सम्झनु पर्छ ।

ख) "उपभोक्ता समिति" भन्नाले पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास गर्दा लाभ पाउने व्यक्तिहरु मध्येबाट आयोजना कार्यान्वयन र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रदेश भित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले तोकेका आफ्नो मातहतका कार्यलयहरु वा स्थानीय तहलाई सम्झनु पर्छ ।

(च) "निर्माण कार्य" भन्नाले पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार निर्माण, पूनः निर्माण, मर्मत सम्भार गर्ने वा जिर्णोद्धार गर्ने कार्यसँग सम्वन्धित निर्माण स्थल तयार गर्ने,उपकरण वा मालसामान जडान गर्ने, सजाउने कार्य सम्झनुपर्छ र सो शब्दले नक्शा बनाउने, प्रयोगशाला परीक्षण गर्ने, भू-उपग्रहीय फोटो खिच्ने, भूकम्पीय परीक्षण गर्ने जस्ता निर्माण कार्यको आनुषाङ्गिक सेवा समेतलाई जनाउनेछ ।

(छ) "पूर्वाधार विकास" भन्नाले पर्यटकीय गन्तव्यहरुको भौतिक निर्माण, विकास, विस्तार र पुनः निर्माणसँग सम्वन्धित पर्यटक सूचना केन्द्र, पार्क तथा उद्यान, भ्यू-टावर, प्रवेशद्धार, टिकटघर, पदमार्ग, पिउने पानी, ढल, वत्ती, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, इन्टरनेट, स्वच्छ उर्जा, सांस्कृतिक तथा जातीय संग्रहालय, सार्वजनिक बहुउद्देश्य भवन तथा भौतिक पुर्वाधार सम्बन्धी अन्य कियाकलाप समेतलाई सम्झनु पर्छ । सो शब्दले विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यलाई समेत जनाउँछ ।

(ज) "मन्त्रालय" भन्नाले उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ ।



सचिव

(झ) "सामाजिक परीक्षण" भन्नाले संवन्धित निर्माण/संचालक समितिका पदाधिकारीहरु, समुदायमा बसोवास गर्ने प्रतिष्ठित व्यक्तित्वहरु,समुदायमा रहेका सरकारी/गैह्रसरकारी संस्थाका प्रतिनिधिहरु, सामुदायिक संस्थाहरुका प्रतिनिधिहरु, स्थानीय तहका प्रतिनिधिहरु समेतको भेलाले परियोजनाको कार्यान्वयन प्रकिया,उपलब्धि तथा आय व्यय संबन्धी विषयमा यथार्थ विवरण सहित गरिएको लिखित विवरण सम्झनुपर्छ ।

(ञ) "सिफारिस समिति" भन्नाले दफा ३ वमोजिम गठित जिल्ला स्तरिय आयोजना सिफारिस समिति सम्झनु पर्छ।

३. **सिफारिस समिति:** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने जिल्लाभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुको भौतिक पूर्वाधार विकास गर्न आयोजना छनौट गरी मन्त्रालयमा सिफारिस गर्न प्रत्येक जिल्लामा एक सिफारिस समिति रहने छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :

(क) प्रदेश सभा सदस्य - जेष्ठ सदस्य (सम्वन्धित जिल्ला) -संयोजक

(ख) प्रदेश सभाका सदस्यहरु (सम्वन्धित जिल्ला) - सदस्य

(ग) जिल्ला समन्वय समिति प्रमुख - सदस्य

(घ) जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी -सदस्य सचिव

(३) उपदफा(२) वमोजिमको समितिको वैठक बस्ने सूचना वैठक बस्नुभन्दा कम्तिमा ७ दिन अगाडि सवै सदस्यहरुलाई दिनुपर्नेछ।

(४) समितिको सचिवालय जिल्ला समन्वय समितिमा रहनेछ ।

(५) समितिले वैठकको कार्यविधि आफैं तय गर्न सक्नेछ।

(६) पर्यटकीय गन्तव्यहरु सिफारिस गर्दा मन्त्रालयले तोकेका मुख्य पर्यटकीय गन्तव्यहरुबाट तलका मापदण्डहरुको समेत आधारहरु लिनु पर्नेछ -

(क) पर्यटकहरुको आगमन संख्या,

(ख) स्थानीय तह वा समुदायबाट समेत लगानी हुने सुनिश्चितता भएको,

(ग) भौतिक पूर्वाधारको अवस्था (सडकको पहुँच, खानेपानी, विद्युत, ईन्टरनेट आदि),

(घ) सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक रुपमा महत्वपूर्ण साथै सुपरिचित हुनुपर्ने,

(ङ) प्राकृतिक रुपमा रमणीय हुनुपर्ने,

(च) अन्य पर्यटकीय गन्तव्यहरुसँग सामिप्यता भएको।

(छ) सम्भव भएसम्म स्थानीयतहबाट लागत साझेदारी हुन सक्ने।

(ज) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट योजना छनौट भएका योजनामध्ये प्रमुख पर्यटकीय गन्तव्य छनौटमा परेका।

(झ) विस्तृत परियोजना प्रस्ताव तयार भई स्वीकृत भएका

४. **सिफारिस समितिको काम, कर्तव्य र अधिकार:**(१) सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।



सचिव

(क) अनुसूचि-१ मा उल्लेख भएका जिल्लाभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमध्येबाट आ.व २०७६।७७ का लागि ४ ओटा पर्यटकीय गन्तव्य आयोजना सिफारिस गरी पठाउने।

(ख) यस कार्यविधि बमोजिम जिल्लामा सञ्चालन हुने कार्यक्रमहरुको समन्वय र सहजीकरण गर्ने ।

(ग) अनुसूची १ मा रहेका पर्यटकीय गन्तव्यहरुबाट प्रदेश सभा निर्वाचनका लागि तोकिएका प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक ओटा पर्यटकीय गन्तव्य/ आयोजना पर्ने गरी सिफारिस गर्ने । कास्की जिल्लाको हकमा संघीय संसदको निर्वाचनलाई तोकिएको प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा १ पर्यटकीय गन्तव्य पर्ने गरी सिफारिस गर्ने ।

तर सिफारिस गर्ने क्रममा कुनै प्रदेश सभा निर्वाचन क्षेत्र भित्र अनुसूची १ मा रहेका गन्तव्यहरु नपरेमा त्यस्तो निर्वाचन क्षेत्रभित्रबाट कम्तीमा १ नयाँ गन्तव्य छनौट गरी सिफारिस गर्नुपर्नेछ ।

(घ) आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने ।

(ङ) सिफारिस समितिले नयाँ पर्यटकीय गन्तव्य तोक्नको लागि सिफारिस गर्न सक्ने ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आर्थिक वर्षको प्रथम चौमासिकभित्र बसी आयोजना सिफारिस गर्नु पर्नेछ । समितिको बैठक संयोजकले बोलाउने छ ।

तर आर्थिक वर्ष २०७६/०७७ को हकमा पौष मसान्तभित्रमा बैठक बसी आयोजना सिफारिस गर्नु पर्नेछ ।

५. **पर्यटकीय गन्तव्यहरुको छनौट सम्बन्धी व्यवस्था:** समितिबाट सिफारिस भई आएका आयोजनाहरु मध्येबाट प्रदेश सभाका लागि तोकिएका प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा गन्तव्य पर्ने गरी मन्त्रालयले स्वीकृत गर्नेछ ।

तर कास्की जिल्लाको हकमा संघीय संसदको निर्वाचनलाई तोकिएको प्रत्येक निर्वाचन क्षेत्रमा एक पर्यटकीय गन्तव्य पर्ने गरी मन्त्रालयले आयोजना स्वीकृत गर्नुपर्नेछ ।

६. **कार्यक्रममा साझेदारी गर्न सकिने:** (१) आयोजनाहरुमा सम्बन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तिय साझेदारी गर्न सक्नेछ ।

(२) यस कार्यक्रम अर्न्तगत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनाहरुमा उपभोक्ता समितिबाट कम्तीमा २० प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ ।

(३) कार्यालयले उपदफा (१) र (२) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कुल लागत अनुमान तयार गर्नु पर्नेछ ।

(४) समितिले स्थानीय तह वा उपभोक्ता समितिको लागत आयोजना साझेदारी बढी हुने आयोजना छनोट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने मापदण्ड बनाउन सक्नेछ ।

७. **कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन:** (१) यस कार्यविधि बमोजिम सिफारिस समितिबाट सिफारिस भई आएका आयोजनाहरुमध्ये मन्त्रालयले दफा ५ बमोजिम स्वीकृत गरी कार्यान्वयनका लागि मातहतका कार्यालयहरुमा पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्राप्त आयोजनाको सञ्चालन एवं कार्यान्वयन सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम आयोजना सञ्चालन एवं कार्यान्वयन गर्दा स्वीकृत विस्तृत परियोजना प्रतिवेदन



सचिव

(DPR) तयार भएका आयोजनाहरुमा पुर्वाधार निर्माण गर्ने र विस्तृत परियोजना प्रतिवेदन तयार नभएकोमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम कार्यान्वयन हुने आयोजनाहरुको कार्य सम्पन्नताको प्रतिवेदन प्राविधिक कर्मचारीबाट गराइनेछ ।

८. **रकम निकासा सम्बन्धी व्यवस्था:** (१) मन्त्रालयले आयोजना कार्यान्वयनका लागि तोकिएको कार्यालयमा वा संयुक्त लगानी भएको अवस्थामा स्थानीय तहमा समेत अख्तियारी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारी बमोजिमको रकम आर्थिक बर्षको अन्त्यसम्ममा खर्च हुन नसकेमा कार्यालयले बाँकी रकम प्रदेश सञ्चित कोषमा फिर्ता गराउनु पर्नेछ ।

९. **आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मूल्यांकन, जाँचपास र फरफारक:** (१) आयोजनाको कार्यान्वयनका लागि लागत अनुमान तयार भए पश्चात स्वीकृत गरी कार्यालयले उपभोक्ता समिति वा निर्माण व्यवसायी संग सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको सम्झौता भएपछि प्रचलित नियमानुसार कार्यालयले भुक्तानी दिन सक्नेछ ।

(३) उपभोक्ता समिति मार्फत सञ्चालन भएको आयोजनाको हकमा भएको खर्चको विल भरपाई, आयोजनाको फोटो, समितिको निर्णय, भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समितिले र ठेक्काबाट भएको कामको हकमा ठेक्काको विल सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित कार्यालयले जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका आयोजनामा भएको कामको आधारमा प्रतिवेदन तयार गरी पेश गर्न लगाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम खटिएको प्राविधिक कर्मचारीले विनियोजित बजेट रकम अनुसारको काम भए नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदनबाट खर्च अनुसारको काम भएको भन्ने देखिन आएमा कार्यालयले त्यस्तो कामको फरफारक गर्नेछ ।

१०. **सामाजिक परीक्षण:** (१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरुको कार्यसम्पन्न भएपछि आयोजना कार्यान्वयन गर्ने कार्यालयले सामाजिक परीक्षण समेत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परीक्षण गरेको प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यालयले अन्तिम भुक्तानी दिनेछ ।

११. **लेखा तथा लेखा परीक्षण:** (१) मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ । संयुक्त लगानी भई स्थानीय तहमा अख्तियारी पठाइएकोमा रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित स्थानीय निकायको हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त अख्तियारीको निकासा रकमको आन्तरिक र अन्तिम लेखा परीक्षण सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।



सचिव

१२. **सुपरिवेक्षण र अनुगमन समिति :** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

(क) औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा प्रमुख - संयोजक
(ख) औद्योगिक प्रतिनिधि,सम्वन्धित जिल्ला समन्वय समिति - सदस्य
(ग) अधिकृत प्रतिनिधि,सम्वन्धित स्थानीय तह - सदस्य
(घ) प्रमुख, आयोजना कार्यान्वयन गर्ने कार्यालय -सदस्य सचिव

(२) सुपरिवेक्षण तथा अनुगमन कार्यमा आवश्यकता अनुसार बढीमा २ जना विषय विज्ञलाई समावेश गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम गरिने अनुगमनको समयमा दिइएका लिखित सुझावहरु कार्यान्वयन गर्नु सम्वन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा कार्यान्वयन गर्ने कार्यालयको हुनेछ ।

१३. **कार्यक्रमको कन्टिन्जेन्सी खर्चः** कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, सुपरिवेक्षण तथा अनुगमन गर्न, प्रतिवेदन तयार गर्न तथा आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक एवं अनुगमन खर्चको रुपमा मन्त्रालयले कार्यक्रममा विनियोजित रकमको बढीमा २ प्रतिशतसम्म रकम कट्टा गरी मन्त्रालय, आयोजना कार्यान्वयन गर्ने कार्यालय वा सरोकारवाला निकाय तथा पदाधिकारीहरुले प्रचलित नियमानुसार खर्च गर्न सक्नेछ ।

१४. **कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षाः** (१) सम्वन्धित कार्यालय प्रमुखले सञ्चालित आयोजनाको प्रगति प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा चौमासिक अवधि समाप्त भएको मितिले ७ दिनभित्र पठाउनु पर्नेछ ।

(२) कार्यालय प्रमुखले निर्देशनालय तथा मन्त्रालयको नियमित समीक्षा बैठकमा उपदफा (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ ।

१५. **मन्त्रालयले निर्देशन दिन सक्नेः** (१) यस कार्यविधिको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सिफारिस समिति, छनौट समिति, जिल्ला समन्वय समितिको कार्यालय, स्थानीय तह र पदाधिकारीको कर्तव्य हुनेछ ।

१६. **ब्याख्या र प्रष्टिकरण :** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै दुविधा भएमा त्यसको व्याख्या र प्रष्टिकरण मन्त्रालयले गर्नेछ ।

१७. **संसोधन तथा हेरफेरः** यस कार्यविधि कार्यान्वयन गर्दा आउने बाधा अवरोधलाई सम्बोधन गर्न मन्त्रालयलको सिफारिसमा मन्त्रिपरिषद्ले आवश्यकतानुसार संसोधन र हेरफेर गर्न सक्नेछ ।



सचिव

अनुसुचि-१

दफा ४ (१) (क) सँग सम्बन्धित

प्रमुख पर्यटकीय गन्तव्यहरुको नामावलीको सूची

| क.सं | जिल्लाको नाम | पर्यटन गन्तव्यको नाम |
|---|---|---|
| १. | मुस्ताङ | लोमान्थाङ |
| २. | मुस्ताङ | मुक्तिनाथ मन्दिर |
| ३ | मुस्ताङ | लोघेकर गुम्बा |
| ४ | मुस्ताङ | धौलागिरी आइसफल |
| ५ | मुस्ताङ | कागबेनि |
| ६ | मुस्ताङ | दामोदर कुण्ड |
| ७ | मुस्ताङ | जोमसोङ गाउँ |
| ८ | मुस्ताङ | कुछ्रप तेरेङ्ग गुम्बा |
| ९ | मुस्ताङ | टिटी ताल |
| १० | मुस्ताङ | लियोपार्ड केभ |
| | | |
| ११ | म्याग्दी | गलेश्वर धाम |
| १२ | म्याग्दी | धवलागिरी बेसक्याम्प/ हिमाल |
| १३ | म्याग्दी | धवलागिरी आइसफल |
| १४ | म्याग्दी | घारेपानी/ पुनहिल |
| १५ | म्याग्दी | मालिका धुरी |
| १६ | म्याग्दी | पुला ढोलठाना,टोड्के धुरी |
| १७ | म्याग्दी | रुप्से छहरा/अन्ध गल्छी |
| १८ | म्याग्दी | तातोपानी कुण्ड |
| १९ | म्याग्दी | खोप्रा लेक |
| २० | म्याग्दी | पुलस्त्याश्रम/ जगन्नाथ मन्दिर |
| | | |
| २१ | बाग्लुङ | पन्चकोट/ शालिग्राम संग्रहालय तथा रङ्गवेंकटेश मन्दिर |
| २२ | बाग्लुङ | ढोरपाटन |
| २३ | बाग्लुङ | जैमिनी धाम,गाईघुने, माईस्थान तथा हाँडीकोट |
| २४ | बाग्लुङ | रुद्रताल (गाजा दह) क्षेत्र |
| २५ | बाग्लुङ | भैरवस्थान मन्दिर तथा भकुण्डे |



सचिव

| | | |
|---|---|---|
| २६ | बाग्लुङ | घुम्टेधुरी क्षेत्र |
| २७ | बाग्लुङ | विहुँकोट,शिवालय,शिवधुरी भुलेनी क्षेत्र |
| २८ | बाग्लुङ | सत्यवती मन्दिर |
| २९ | बाग्लुङ | गाईघाट झरना |
| ३० | बाग्लुङ | बाग्लुङ कालिका |
| | | |
| ३१ | **पर्वत** | भमरकोट, माटे, जलजला, हम्पाल (कालाञ्जर) |
| ३२ | पर्वत | पञ्चासे पञ्चधाम धार्मिक क्षेत्र |
| ३३ | पर्वत | डहरे नीलकण्ठ पर्वत,प्राकृतिक टावर |
| ३४ | पर्वत | चिसापानी कालिका र सूर्यास्तको दृश्य |
| ३५ | पर्वत | महाशिला |
| ३६ | पर्वत | सेदीवेणी शालिग्राम शिला |
| ३७ | पर्वत | कुश्मा मोदीवेणी क्षेत्र |
| ३८ | पर्वत | पैयुकोट मन्दिर |
| ३९ | पर्वत | बन्जीजम्प,स्काई साइकलिङ्ग र साहसिक पिङ्ग |
| ४० | पर्वत | महभीर छहरा आरोहण (क्यान्नोनिङ), दुर्लुङ् |
| | | |
| ४१ | **स्याङजा** | शिरुवारी |
| ४२ | स्याङजा | साल्मेडाँडा (गोर्खा स्मारक) र नुवाकोट काला भैरव मन्दिर |
| ४३ | स्याङजा | सतौ चण्डी मन्दिर |
| ४४ | स्याङजा | आलम देवी मन्दिर |
| ४५ | स्याङजा | छाया क्षेत्र मन्दिर (छाङछाङ्दी) |
| ४६ | स्याङजा | राम्दीधाम |
| ४७ | स्याङजा | कालीगण्डकी उच्चबाँध |
| ४८ | स्याङजा | स्वेरेक मैदान प्याराग्लाईडिङ/स्वरेक कोट र गुफा |
| ४९ | स्याङजा | अन्धा-अन्धी |
| ५० | स्याङजा | गह्रौकालिका |
| | | |
| ५१ | **कास्की** | फेवाताल,तालबराही मन्दिर |
| ५२ | कास्की | बेगनासताल,रुपाताल लगाएतका तालहरु |
| ५३ | कास्की | विन्ध्यवासिनी मन्दिर |
| ५४ | कास्की | विश्वशान्ति मन्दिर |
| ५५ | कास्की | पाताले छाँगो(डेविज फल) |
| ५६ | कास्की | गुफाहरु(गुप्तेश्वर,चमेरे,महेन्द्र इन्द्र,शान्ति) |



सचिव

| | | |
|---|---|---|
| ५७ | कास्की | अन्नपूर्ण वेसक्याप |
| ५८ | कास्की | सराङ्कोट |
| ५९ | कास्की | काहुँडाडा |
| ६० | कास्की | कोटहरु (रुपा,पुम्दी,कास्की,स्यालुङ् र ठूला) |
| | | |
| ६१ | **लमजुङ** | लमजुङ दरबार/गाउँशहर |
| ६२ | लमजुङ | घले गाउँ |
| ६३ | लमजुङ | घनपोखरा |
| ६४ | लमजुङ | राइनासकोट |
| ६५ | लमजुङ | इलमपोखरी |
| ६६ | लमजुङ | सिउरुङ |
| ६७ | लमजुङ | भुजुङ |
| ६८ | लमजुङ | करापुटार/ईशानेश्वर महादेव |
| ६९ | लमजुङ | काउलेपानी |
| ७० | लमजुङ | दुधपोखरी |
| | | |
| ७१ | **मनाङ** | गंगापूर्ण ताल |
| ७२ | मनाङ | छो-कर्ण ताल |
| ७३ | मनाङ | काइलापास पदयात्रा |
| ७४ | मनाङ | पंकर ताल |
| ७५ | मनाङ | डोना ताल |
| ७६ | मनाङ | तिलिचो ताल |
| ७७ | मनाङ | थोन्चे - लार्के पदयात्रा |
| ७८ | मनाङ | अन्नपूर्ण हिमाल |
| ७९ | मनाङ | थोराङ्ला पास |
| ८० | मनाङ | तिब्तीयन खम्बाको बङ्कर |
| | | |
| ८१ | **गोरखा** | गोरखा दरबार/ गोरखा संग्रहालय |
| ८२ | गोरखा | मनकामना मन्दिर/ केबलकार |
| ८३ | गोरखा | छेकम्पार |
| ८४ | गोरखा | बारपाक/लारपाक |
| ८५ | गोरखा | लार्केपास |
| ८६ | गोरखा | श्रीनाथकोट मण्डली |
| ८७ | गोरखा | गोरख कालिका/ गोरखनाथ गुफा |



सचिव

| | | |
|---|---|---|
| ८८ | गोरखा | लिगलिगकोट |
| ८९ | गोरखा | अजिरकोट |
| ९० | गोरखा | मनास्लु हिमाल र संरक्षण क्षेत्र |
| | | |
| ९१ | तनहुँ | वन्दीपुर |
| ९२ | तनहुँ | व्यास पर्यटन क्षेत्र,गुफा |
| ९३ | तनहुँ | मिर्लुङकोट |
| ९४ | तनहुँ | देवघाट |
| ९५ | तनहुँ | छाब्दीबाराही |
| ९६ | तनहुँ | छिम्केश्वरी |
| ९७ | तनहुँ | भानु जन्मस्थल,घाँसी कुवा |
| ९८ | तनहुँ | ढोरबाराही मन्दिर |
| ९९ | तनहुँ | आँधिमुल बराही |
| १०० | तनहुँ | तनहुँसुर |
| | | |
| १०१ | नवलपुर | मौला कालिका मन्दिर |
| १०२ | नवलपुर | कैलाश संन्यास आश्रम (महादेव स्थान) |
| १०३ | नवलपुर | शाश्वत धाम (देवचुली) |
| १०४ | नवलपुर | कामधेनु क्षेत्र (घुमारीघाट) |
| १०५ | नवलपुर | अकलादेवी मन्दिर (डेडगाउँ) |
| १०६ | नवलपुर | गजेन्द्र मोक्ष (त्रिवेणी) धाम |
| १०७ | नवलपुर | देवचुली बरचुली डाँडा |
| १०८ | नवलपुर | मध्यविन्दु |
| ११९ | नवलपुर | दाउन्ने देवी र कैलाश पर्वत |
| ११० | नवलपुर | ल्होसेधारा |



सचिव